# आर्थिक वर्ष २०८१।०८२ को
# बजेट, नीति तथा कार्यक्रम

छिपहरमाई गाउँपालिका
भिस्वा , पर्सा
मधेश प्रदेश
२०८१

छिपहरमाई गाउँपालिका गाउँ सभा
१९ औ बजेट अधिवेशन
आ.व. २०८१।०८२
नीति तथा कार्यक्रम

## बजेट वक्तव्य

आदरणिय सभाध्यक्षज्यू,
यस कार्यक्रमका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू एवं अन्य अतिथिगण,
गाउँ कार्यपालिका सदस्यहरु, गाउँसभाको सदस्यहरु, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, समाजसेवी एवं पत्रकार मित्रहरु,

सर्वप्रथम म छिपहरमाई गाउँपालिकाको यस ऐतिहासिक १९ औ बजेट अधिवेशनमा यँहाहरू सम्पूर्णलाई हार्दिक स्वागत गर्दै यस महत्वपुर्ण एवं ऐतिहासिक घडीमा आम नेपाली जनताको मुक्ति तथा देशमा परिवर्तनका लागी आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात-अज्ञात महान विर शहिदहरु प्रति उच्च श्रद्धा एवं सम्मान-भावका साथ स्मरण गर्दै भावपुर्ण श्रद्धाञ्जली तथा घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै, आम गाउँवासीको सुख-सुबिधा एवं सम्पन्नता तथा गा.पा.को गुणात्मक विकास मार्फत यस पालिकाको सम्मान, गौरव र श्रेष्ठता हासिल गर्ने मुल उद्देश्यका साथ गाउँ कार्यपालिकाको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न उपस्थित भएको व्यहोरा सबैमा एकमुष्ट अनुरोध गर्न चाहन्छु ।
यो निति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा विगतका पृष्ठभूमि, वर्तमान परिस्थिति र भविष्यको सम्भावनालाई समेत उच्च महत्वका साथ ध्यानमा राखी आम गाउँवासीको भावना, माग र समय सापेक्ष आवश्यक्ताको आधारमा यहाँको स्रोतसाधन र सामर्थ्यलाई अधिकतम सदुपयोग हुने गरी देशको संविधान र प्रचलित कानूनले तोके बमोजिमको क्षेत्राधिकार भित्र रही जनप्रतिनिधि, नागरिक समाज एवं अगुवा व्यक्तित्वहरुको राय सुझाव एवं परामर्श तथा जनप्रतिनिधिहरुको चुनावी प्रतिबद्धता पत्रलाई समेत मुख्य मार्गदर्शनको रुपमा लिएको छु ।

विगतमा गा.पा. निर्माण गरिरहदा गाउँका लागी चाहिने आवश्यक मापदण्डहरु समेत कमजोर देखिएको अवस्थामा गुणात्मक सुधार गर्न को लागी छिपहरमाई गा.पा.ऐतिहासिक कार्यकालबाट गाउँलाई एउटा छोटो अवधिमा पूर्वधार, सुशासन, विकास र समृद्धिको दिशामा महत्वपूर्ण जग बसाल्ने काम एकहदसम्म सफलतापूर्वक सम्पन्न भएकोले एउटा अविच्छिन्न उतराधिकारीवला संस्था (स्थानीय सरकार) को हैसियतले गाउँको प्रथम कार्यकाललाई सफल बनाउन योगदान गर्नुहुने गा.पा. अध्यक्ष लगायतका अन्य जनप्रतिनिधिगण, राष्ट्रसेवक कर्मचारीहरु, बदलाव र विकासप्रेमी आम गाउँ वासी जनता सहित प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण शुभेच्छुक शुभचिन्तकहरुमा यो गाउँसभामा एकमुष्ट हार्दिक आभार सहित विशेष धन्यवाद व्यक्त गर्दछ । चालु आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम बजेट र सो अन्तर्गतको विकास कार्यक्रम सक्रियतापूर्वक कार्यान्वयन गर्नमा दत्तचित्तका साथ लागी पर्ने आन्तरिक र बाह्य सरोकारवालहरु सबैमा धन्यवाद ज्ञापन गर्दछु । साथै यस छिपहरमाई गाउँपालिकामा दोस्रो निर्वाचनबाट निर्वाचित पदाधिकारीहरुको दोस्रो वर्षमा भए गरेका काम कार्यवाहीको पूर्णतः जिम्मेवारी एवं स्वामित्व ग्रहण गर्दै छिपहरमाई गाउँपालिका र

आम गाउँ वासी जनताको मुख्य गरी आर्थिक सम्वृद्धीका अधुरा सपना एवं संकल्पलाई आगामि आर्थिक वर्षमा पुरा गर्न हर सम्भव प्रयास गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

चालु आ.व.को विकास कार्यक्रमको समिक्षा गर्दा यस छिपहरमाई गा.पा.ले आयोजनाको रुपमा दलित आवास/सामुहिक आवासको व्यवस्था, बिभिन्न वडामा सडक पक्कीकरण, अन्न दाता किसान लाई प्रोत्साहन गर्न सौर्य सिचाँई प्रणाली जडान, छिपहरमाई उज्यालो अभियान, बिद्यालयको भौतिक संरचना निर्माण, स्टेडियम निर्माण, शुद खाने पानीको लागि कल धारा जडान लगायत गाउँ वासीको आर्थिक समाजिक रुपान्तरण लागायत गरिवी न्युनिकरणको लागि पहल गरिएको छ ।
गुण्स्तरयुक्त शिक्षाको लागि विद्यालयहरुमा भौतिक तथा मानवश्रोतको व्यवस्थापन, वर्तमान समयको माग अनुसार गाउँ कार्यपालिकाको कार्यालय तथा यस मातहतका शाखा, वडा कार्यालयबाट हुने सेवा प्रवाहलाई अझ छिटो छरितो र व्यवस्थित गर्न, वेरोजगारहरुलाई स्वरोजगार बनाउन र कृषि व्यवसायलाई प्रतिस्पर्धी बनाई उत्पादनमा वृद्धि गर्न थप कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक देखिएको छ ।

आ.व. २०८१/०८२ को बजेट श्रोतको रुपमा यस गाउँपालिकाको आन्तरिक आम्दानीबाट अनुमानित रकम रु ३ करोड १० लाख ६६ हजार , संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान रु. १० करोड ०५ लाख त्यस्तै सशर्त अनुदानतर्फ संघीय सरकारबाट चालुतर्फ रु. १५ करोड ०६ लाख ८२ हजार ०५ सय त्यसैगरी प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान रु. ८० लाख ०४ हजार, संघीय सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम रु. ७ करोड ९० लाख , त्यसैगरी प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम रु. २५,०००,००।० समेत गरी गाउँपालिकाले कुल रु ३७ करोड १७ लाख ५२ हजार ५ सय (अक्षेरुपी सैतिस करोड सत्र लाख बावन हजार पाचँ सय मात्र) को बजेट सिमाभित्र रही आ. व. २०८१/०८२ को नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

सभाध्यक्ष ज्यू,

प्रस्तुत नीति तथा कार्यक्रम बजेटले आम गाउँवासीको रोजगार, जनजीविकामा सहजता एवं आर्थिक सम्वृद्धीका लागि सामाजिक न्याय सहितको सुशासन दिगो बिकास र चौतर्फी समृद्धि मार्फत गाउँको सम्मान, गौरव र श्रेष्ठता हासिल गर्न विशेष मदत पुग्ने गहिरो अपेक्षा एवं दृढ विश्वासका साथ यो नीति तथा बजेट कार्यक्रम तर्जुमा गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गर्दछु

सम्मानिय अध्यक्ष महोदय,
अब म नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## कृषि तथा पशु तर्फः

- किसानहरुको सुचिकरण तथा अभिलेखिकरण कार्य यसै आ.व. मा सम्पन्न गरिने ।
- बाली संरक्षण तथा रोग नियन्त्रणको व्यवस्था गरिनेछ ।
- किसानहरुलाई प्रोत्साहन बढाउन गहु बाली पकेट बिकास कार्यक्रम संचालन गरिनेछ ।
- छिपहरमाईमा कोल्ड स्टोरको निर्माणको लागि बिषेश पहल गरिनेछ ।
- किसानलाई सहज ढंगले मल उपलब्ध गराउन विशेष पहल गरिनेछ ।
- कृषि विमालाई प्रवर्द्धन तथा प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ ।
- पशुहरुमा कृत्रिम गर्भधारण मिसनलाई प्रभावकारी बनाईनेछ ।
- गाउँलाई दुध र मासुमा आत्मानिर्भर बनाउन विशेष पहल गरिनेछ ।
- व्यवसायीक माछा पालनलाई बढावा दिनेछ ।
- स्थानिय उत्पादनको विक्री वितरणमा सहजता ल्याउन आधुनिक कृषि मार्केट निर्माण गरिनेछ ।
- कृषि क्षेत्रको प्रर्वदनका लागि गाउँकार्यपालिकामा कृषि अधिकृतको व्यवस्था गरिनेछ ।
- कृषि सिचाँईको लागि गा.पा. भरि बोरिङ्ग जडान गरि बैक्लपिक उर्जा बाट सिचाँईको व्यवस्थापन गरिनेछ ।

## शिक्षा तर्फ

- सबै बालबालिकाहरुलाई शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालयमा भर्ना अभियानलाई अघि बढाइ यस वर्ष भित्र नै विद्यालाय जाने उमेरका सवै बालबालिकालाई विद्यालय भर्ना गराई माध्यमिक तह सम्मको शिक्षालाई क्रमश नि.शुल्क र अनिवार्य गरिनेछ । केन्द्र सरकार र प्रदेश सरकारको सहकार्यमा यसै आर्थिक वर्षभित्र साक्षर गाउँपालिका घोषणा गरिनेछ ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न नवगावा मा.वि. चरगाहामा प्राविधिक कक्षा संचालनको लागि थप जनशक्ति तथा उपकरणहरुको व्यवस्था गरिनेछ ।
- १०+२ शिक्षा हासिल गर्न गा.पा. भित्रका विद्यार्थीहरु लाई पालिका स्तरमा प्रोत्साहन गरिनेछ ।
- गरिब जेहेनदार विद्यार्थीहरुको लागि उच्च शिक्षाको लागि आवश्यक सहयोगको व्यवस्था मिलाईनेछ ।

- सामुदायिक बिद्यालयहरुमा बिद्यार्थी संख्याको अनुपातमा शिक्षक न्युन रहेकोले गुणस्तरीय शिक्षालाई वढावा दिनको लागि थप आवश्यक पर्ने थप जनशक्ती व्यस्थाको लागि आवश्यक प्रवन्ध मिलाइनेछ ।
- बालविकास र बिद्यालय कर्मचारीको तलब सुबिधा समय सापेक्ष समायोजनको व्यस्था गरिनेछ ।
- शैक्षिक सुशासनको लागि संस्थागत क्षमता विकास विद्यार्थी परिक्षण मुल्याकन, शिक्षक मेनटरींग तथा बिद्यालय सुपरिबेक्षण कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- सामुदायिक बिद्यालयका छात्राहरुलाई निशुल्क सेनेटरी पैडको व्यस्था गरिनेछ ।
- सामुदायिक बिद्यालयमा अध्यन्नरत सर्म्पुण बिद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिनेछ ।
- आधारभुत तहमा स्थानिय पाठ्यक्रममा आधारीत कक्षा १ देखी ३ सम्मको पाठ्यपुस्तक यसै वर्षदेखी लागु गरिनेछ ।
- बिद्यालयहरुमा प्लेस्टेशन निर्माण कार्य यसै आ.व.मा सम्पन्न गरिनेछ ।
- बैदिशिक रोजगारीबाट फर्किएको युवाहरुको लागी सिपमुलक तालीमको व्यस्था गरिने छ ।
- यस पालिका स्थित रहेका सर्म्पुण सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई सम्मान गरिने छ ।

## स्वास्थ्य तर्फ

- गा.पा.मा १० शैया भएको आधारभुत अस्पताल निर्माणका लागि बिषेश पहल गरिनेछ ।
- पालिका स्तरमा पाठेघर विरामी महिलाहरुलाई उपचार तथा सल्यक्रियाको लागि अनुदानको व्यवस्था मिलाईनेछ ।
- वडा नं. २ स्थित रहेको बर्थिङ्ग सेन्टरलाई सुविधा सम्पन्न बनाई सेवा विस्तार गरिनेछ ।
- वडा नं. ४ मा स्वा. चौकी/बथिङ्ग सेन्टर भवन निर्माण भएकोमा थप जनशक्ति तथा उपकरणको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन आवश्यक चिकित्सकको व्यवस्था गरिने छ ।
- अस्पताल, औषधि पसल तथा किल्नीकहरुको नियमन गरिनेछ ।
- पुर्णखोपको सुनिश्चिता गरि पुर्ण खोप गाउँ घोषणा गरिनेछ ।
- वडा नं. २ का हाल निर्माण सम्पन्न स्वास्थ्य चौकीलाई व्यवस्थित गर्ने अपुग जनशक्ति साधन, उपकरण व्यवस्थापन गर्न स्वास्थय चौकीको सेवा विस्तार गरिनेछ ।

- होम डिलेभरीको निति अनुरुप प्रत्येक गर्भवती महिलारुलाई स्वा. संस्थामै सुत्केरी गराउन बिषेश प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

## युवा तथा खेलकुद तर्फ

- वडा नं. २ मा निर्माणाधिन रहेको स्टेडियम (रंगशाला) को निर्माण यसै आ.व.मा सम्पन्न गरिने  लक्ष्य लिईनेछ ।
- बेरोजगार युवाहरुलाई आवश्यक रोजगारीको व्यवस्था मिलाईनेछ
- रोजगार सम्मान मंचको संचालनको आवश्यक व्यस्था मिलाईनेछ
- "श्रमको सम्मान राष्ट्रको अभियान" सम्बन्धि कियाक्लाप संचालनमा ल्याईनेछ ।
- गाउँपालिका स्तरमा रोजगारीको सृजना गरी युवा शक्ति पलायन रोक्न स्थानीय श्रममुलक कार्यक्रम संचालनमा ल्याईनेछ ।
- अध्यक्ष कप खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।
- प्रत्येक वडामा १ खेल मैदानको निति लिइनेछ ।
- गा.पा. भित्रका खेलाडीहरुलाई प्रोत्साहन स्वरुप खेलकुद गराउने तथा खेलाडीहरुलाई अन्तरपालिका सम्म पहुचँ गराउने व्यवस्था गरिने छ ।

## खानेपानी तथा सरसफाई

- प्रत्येक गाउँबासीलाई शुद खानेपानी व्यवस्था मिलाईनेछ ।
- गा.पा.को केन्द्रमा पानीटंकी निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- "स्वच्छ, सफा तथा हरित गाउँ" लक्ष्य प्राप्तीको लागि बृक्षारोपण कार्यलाई व्यापक बनाईनेछ ।
- सरसफाईको आवश्यक साधन तथा उपकरणको व्यस्था मिलाईनेछ ।
- एक घर एक खानेपानी अर्न्तगत नयाँ चापाकल जडानको व्यवस्था मिलाईनेछ ।

## भुमि-व्यास्था तथा सहकारी

- भुमिहिन सुकुम्वासी र अब्यवस्थित वसोवासीको समस्या सामाधानको लागी विशेष पहल गरिनेछ ।
- विद्यालयको नाममा रहेको समपूर्ण जग्गाको संरक्षण र उपयोग गरिनेछ ।
- सहकारी संस्थाहरुको नियमन र परिचालनमा विशेष ध्यान दिइनेछ ।
- सहकारी संस्था मार्फत व्यवसाय गर्ने व्यवसायीहरुलाई विशेष सहयोग गरिनेछ ।
- कृषि सहकारी ऋण तथा बचत सहकारी संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।
- यस गा.पा. भित्र सार्वजनिक जग्गामा निर्माण भएको घर टहरा हटाईने छ । साथै मिचिएका सार्वजनिक जग्गा एकिन गरी गा.पा. मातहतमा ल्याइने छ ।

## महिला , बालबालिका तथा जेष्ठ नागरिक

- “गरिब असहायके, साथ गाउँपालिका अध्यक्षके हात” कार्यक्रम संचालनमा ल्याइनेछ तथा यसको लागि आवश्यक बजेटको व्यवस्था मिलाईनिछ ।
- आर्थिकरुपमा बिपन्न बालिकाहरुको उमेर पुगी समाजिक परम्परा अनुसार विवाहको लागी कन्यादान राशीको व्यवस्था मिलाईनेछ ।
- महिला सशक्तिकरणमा जोड दिदै आर्थिक उत्पादनमा संलग्न महिला समूह वा संस्थाहरुलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- जेष्ठ नागरीक सम्मान कार्यक्रम संचालनमा ल्याईनेछ ।
- नेत्रदान गा.पा. को अनुदान कार्यक्रम अर्न्तगत गरिब, असक्त, जेष्ठ नागरीक लाई गा.पा. को अनुदानबाट आखाँ बनाउने व्यवस्था मिलाईनेछ ।
- गरिब परिवारको महिलाहरुलाई निशुल्क पाठेघरको चेकजाचँ गराई गा.पा. अनुदान बाट निःशुल्क उपचार गराईनेछ ।
- अत्याधिक चिसो महिनामा जेष्ठ नागरीकका लागि कम्बल टाउजर तथा तातो कपडाको व्यवस्था मिलाईनेछ ।

## पर्यटन तथा संस्कृति

- ऐतिहासिक छिपहरमाई मन्दिरलाई धार्मिक तथा पर्यटकिय स्थलको रुपमा विकास कार्य आरम्भ भईसकेकोले त्यसलाई निरन्तरता दिई पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ ।
- ”छिपहरमाई के नाम हमर गावँके शान” भन्ने नारालाई उजागर गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गरि पर्यटन प्रर्बदनलाई वढावा दिने निति अवलम्बन गरिनेछ ।
- पर्यटकलाई आकर्सित गर्नको लागी छिपहरमाई उज्यालो विकास कार्यक्रम संचालनमा ल्याईनेछ यसको लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।
- नवगावाँलाई छिपहरमाई मन्दिर सम्म जोडन छिपहरमाई पथको निर्माणको लागि आवश्यक बजेटको पहल गरिनेछ ।

## पूर्वाधार विकास

- ओरीया खोला बक्स पुल, जयमंगलापुर तुल्सीवर्वा सडकको स्तरोन्नती तथा कालो पत्रेको निर्माण कार्य यसै आ.व.मा सम्पन्न गरिने प्रयास गरिनेछ ।
- चिल्ड्रेन पार्क निर्माणको लागि संघ तथा प्रदेश सरकारसंग सहकार्य र सम्नव्यको निति अवलम्वन गरिनेछ ।
- सामुदायिक प्रतिक्षालयको निर्माणमा जोड दिईनेछ ।

- राष्ट्रिय भवन संहिताको अधिनमा रहि स्थानिय भवन संहिता निर्माण यसै वर्ष देखी लागु गरिनेछ ।
- बजार क्षेत्रमा आधुनिक पुर्वाधार संगै सार्वजनिक शौचालयको निर्माणको कार्यलाई प्राथमिकतामा राखिने छ ।
- गाउँ स्तरीय योगा तथा व्यामशाला (जिम क्लब) संचालनमा ल्याइनेछ ।
- "सडक पुर्वधार, समृद्धिको आधार" भन्ने नारा सहित थप नयाँ सडक निर्माण तथा बिस्तारको कार्यलाई तिव्रता दिइनेछ ।
- कच्चि सडकहरुलाई कमश: पक्कीकरण गर्दै लगिने छ ।
- गा.पा.द्वारा संचालन गरेको नमुना वस्ति (सामुहिक आवास) कार्यक्रमलाई निरन्तरता दिईने छ ।

## वातावरण तथा विपद् व्यवस्थापन

- बाढी, आगलागी, शीतलहरी लगायत प्राकृतिक प्रकोपबाट पिडीत भएकाहरुलाई सहयोग गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।
- वाताबरणलाई सन्तुलन राख्न व्यापक वृक्षारोपनको कार्यक्रम संचालन गरिनेछ । यसको लागि जनता संग सहकार्यको निति लिइनेछ ।
- सौन्दर्यीकरणको लक्ष्य सहित सडकपेटीमा वृक्षारोपन गरिने, छहारी र व्यक्तिगत आम्दानीको लक्ष्य राखी प्रत्येक परिवारको घरबारीमा फलफुलको विरूवा रोप्ने, छहारी एवं सौन्दयीकरणको लक्ष्य राखी सर्वाजनिक स्थलमा व्यापक वृक्षरोपण गर्ने साथै आम जनतालाई व्यासायिक फलफुल खेति गर्न प्रोत्साहित गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- नियमित प्राकृतिक विपद बाट बच्न पूर्व तयारिका कामको लागि विशेष पहल गरिनेछ

## ऊर्जा

- गाउँ क्षेत्र भित्रको अव्यवस्थित पोलहरुलाई व्यवस्थित गरिनेछ ।
- गाउँ क्षेत्रको सम्पूर्ण बजारको मूख्य सडकमा सोलर बत्ती जडान गरिनेछ ।
- कृषि सिँचाइको लागी खेत खेतमा विद्युतीकरणको कार्यलाई तीब्रता दिइनेछ ।
- यस गा.पा.मा बिद्युत नकाट्ने अवस्था निर्माण गर्न बिशेष पहल गरिनेछ ।

## सँस्थागत विकास तथा सेवा प्रवाहतर्फ

- गा.पा.को सँस्थागत विकास तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत पूर्वाधार विकासका साथै कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- गाउँपालिकाभित्रका सबै सार्वजनिक निकायमा अनिवार्य रूपमा नागरिक सहायता कक्षको स्थापना तथा नागरिक वडापत्र र सुझाव पेटीका अनिवार्य रूपमा राख्ने व्यवस्था मिलाइनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ साथै सेवा प्रवाहमा विद्युतीय माध्यम तथा सूचना प्रविधिको प्रयोगमा जोड दिईनेछ ।

**<u>सुशासन प्रवर्द्धन</u>**

- सुचना प्रविधिको क्षेत्रमा भएको असल अभ्यास लाई अनुसरण गरी आगामी दिनमा गाउँपालिकाले प्रदान गर्ने सबै सेवाहरुलाई क्रमशः विधुतिय प्रणालिमा रुपान्तरण गरिनेछ ।
- निर्णय प्रक्रियालाई शिघ्र र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकारीलाई नतिजा प्रति उत्तरदायि र जिम्मेवार बनाइनेछ । आर्थिक अनुशासनको कडाईका साथ पालना गरिनेछ ।
- सामाजिक जवाफदेहिताका औजारहरु सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लाई कडाईका साथ व्यवहारमा ल्याइनेछ ।
- पंजिकरण व्यवस्थित बनाउन अनलाईन इन्ट्रिको व्यवस्था मिलाईने छ ।
- राष्ट्सेवक कर्मचारीको मनोवल उच्च पार्न र उनिहरुलाई बढि जवाफदेही तथा उतरदायि बनाउनका लागि प्रोत्साहन भत्ता, इन्धन सुविधा लगाएतका थप सुविधाहरु आवश्यकता र औचित्यको आधारमा प्रदान गर्ने निति अबलम्वन गरिने छ ।

अन्त्यमा आजको यस १९ औ बजेट अधिवेशनको समारोहमा उपस्थित भई कार्यक्रमको शोभा बढाई दिनु हुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अन्य अतिथिज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, पत्रकार मित्रहरु, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मी एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई पुनः एक पटक हृदय देखि नै हार्दिक आभार प्रकट गर्दछु ।

धन्यबाद

**उपाध्यक्ष**
**श्रीमती लिलावती देवी कानु**